सन् २०१९ मा चिनबाट फैलिएको कोभिडको-१९ को कारण विश्वले ठुलो स्वास्थ्य चुनौतिको सामना गरिरहेको छ। यो रोगको भ्याक्सिन बनिसकेको भएता पनि नेपालमा आइपुग्न केही समय पर्खनुपर्ने देखिन्छ। तसर्थ यो रोगबाट बच्नका लागि मुख्यत स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्नु नै अहिलेको विकल्प हुन सक्छ। वैज्ञानिकका अनुसार यो रोग नियन्त्रणका गर्नका लागि भौतिक दुरी कायम गर्ने,नियमित साबुन पानीले हात धुने,मास्क लगाउने,स्यानिटाइजर प्रयोग गर्ने,सरसफाईमा ध्यान दिने, नियमित तातोपानी सेवन गर्ने, रोग प्रतिरोधात्मक क्षमता बढाउन उपयुक्त खानपान र बसोबास मिलाउने,अत्यावश्यक काम बाहेक घरबाट बाहिर ननिस्कने,अनावश्यक भिडभाड नगर्ने,बालबालिका र वृद्ध वृद्धाहरुलाई उचित स्याहार गर्ने,नियमित शारीरिक व्यायाम गरी तनाव मुक्त रहने, अन्य स्थानका उद्योगहरूमा काम गर्ने मजदुर र कर्मचारीलाई सोही उद्योगमा उचित तरिकाले व्यवस्थापना गर्ने,सिमानाकाबाट हुने आवागमनलाई व्यवस्थापन गर्नुपर्नेमा कुरामा जोड दिएका छन्।

नेपालमा कोभिड-१९ को संक्रमण दर र मृत्युदर बढ्दै गइरहेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको दैनिक प्रतिवेदनले देखाएको छ। यस गाउँपालिकामा पनि यो रोगको संक्रमण दर र मृत्युदर बढिरहेको अवस्था छ। यस अवस्थामा यस कार्यालयले कोभिड-१९ को संक्रमण फैलन नदिनको लागि सिमा नाका र गा.पा.का प्रवेश विन्दु तथा अन्य मानिस भित्रिने स्थानमा हेल्पडेस्क स्थापना, अन्य स्थान तथा भारत र विदेशबाट अएकाको लागी क्वारेन्टीनमा व्यवस्थापन, गरिव निमुखा तथा विपन्न परिवारका सदस्यहरूलाई राहत वितरण, कार्यालय परिसरमा प्रवेश गर्ने सबैलाई अनिवार्य रुपमा मास्क प्रयोग गर्न लगाएको,साबुन पानीले अनिवार्य हात धुन साबुन पानीको व्यवस्था गरेको र सो को जानकारीको लागि सुचना बोर्ड सबैले देख्ने गरी राखिएको। सेवा ग्राहीहरुलाई भिडभाड गर्न नदिन पालैपालो सेवा लिन सम्बन्धित फाँटमा भौतिक दुरी कायम गरी सेवा लिने व्यवस्था गरिएको। मास्क लगाउन र स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड पालना गर्न गराउन अभियान निरन्तर सञ्चालनमा रहेको छ।

अपनाइएका उल्लेखित अभियान र क्रियाकलापहरु एवं नियमित सुचना प्रवाहका कारण समुदायमा सकारात्मक प्रभाव परेको छ। आफ्नो स्वास्थ्यको ख्याल आफैले राख्नुपर्ने र आफ्नो कारणले अरु व्यक्तिहरु प्रभावित नहुन् भन्ने जागरण फैलिएको छ। स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डको पालना सम्बन्धमा भौतिक दुरी कायम गर्ने र मास्क लगाउने बानीको विकास भएको छ। आम मानिसहरुमा कोरोना रोगको संक्रमणबाट जोगिने जोगाउने सोच र चेतना फैलिएको छ। यसै सन्दर्भमा कोभिड-१९ रोकथाम तथा न्युनिकरणको लागि यस कार्यालयको नेतृत्वदायी र महत्वपुर्ण भूमिका रहने भएको हुँदा सुरक्षित तरिकाले सेवा प्रवाह गर्न आवश्यक भएकोले कोभिड प्रतिरोधी कार्ययोजना तयार गरिएको छ।

| क्र.सं | फाँट/शाखा | गर्नुपर्ने क्रियाकलापहरु | कोभिड–१९ का लागि | जिम्मेवार निकाय/व्यक्ति | सहयोगी निकाय/व्यक्ति | समय | लागत | सुचक/उपलव्धी |
|---|---|---|---|---|---|---|---|---|
| क | **स्वास्थ्य सुरक्षा सम्वन्धी** | कार्यालय प्रवेश गर्ने सवैले भौतिक दुरी कायम गरी मास्क अनिवार्य लगाउने, सावुनपानीले अनिवार्य हातधुने, स्वास्थ्य सम्वन्धी मापदण्डको पालना गर्ने गराउने, कार्यालय परिसर, बगैचा, वाथरुम सरसफाई गर्ने। | कोभिड १९ वाट वच्न आवश्यक सुरक्षात्मक कार्य तत्काल गर्नुपर्ने, मास्क तथा स्यानीटाईजर वितरण, जनचेतनामुलक अभियान संचालन गर्ने | स्वास्थ्य शाखा राजपुर गा.पा. कार्यालय | प्र.प्र.अ./स्वास्थ्य संयोजक | तत्कालै र नियमित | – | कोरोनाको सङ्क्रमणदरमा कमि भएको हुने। |
| ख | **सुशासन/ सेवा प्रवाह सम्वन्धी** | सेवाग्राहीले बुझ्ने गरी कार्यालयका सवै शाखाहरुको नम्वरिङ गर्ने | | क.प्र शाखा | स्टोर | तत्कालै | आवश्यकता अनुसार | सेवाग्राहीले शाखाबाट प्रवाह हुने सेवा सम्बन्धी सजिलै जानकारी पाउने |

| क्र. सं | फाँट/शाखा | गर्नुपर्ने क्रियाकलापहरु | कोभिड–१९ का लागि | जिम्मेवार निकाय/व्यक्ति | सहयोगी निकाय/व्यक्ति | समय | लागत | सुचक/उपलव्धी |
|---|---|---|---|---|---|---|---|---|
| | **प्रशासन शाखा** | | | | | | | |
| १ | | दर्ता चलानी समबन्धी कार्य गर्ने, कर्मचारी व्यक्तिगत विवरण हाजिर, विदा व्यवस्थापन गर्ने, कार्यलय व्यवस्थापन, परिपत्र/ निर्देशनको पालना तथा कार्यान्वयन, व्यवसाय दर्ता, नविकरण,सिफारीस, आवश्यकता अनुसार अन्य विभिन्न बैठक राख्ने, अन्य प्रशासनिक कार्य ।कार्यालयमा कार्यरत कर्मचारीहरुको मनोवल उच्च राख्न उत्प्रेरित गर्न नियमित स्टाफ मिटिङ राख्ने, सभ्य शिष्ट र मर्यादित भाषाको प्रयोग गर्ने, भरपर्दो अभिलेख व्यवस्थापन गर्ने, प्रशासन शाखावाट प्रदान गरिने सेवा प्रवाहलाई प्रविधीमैत्री वनाउने | कार्यालय प्रवेश गर्ने सवैले भौतिक दुरी कायम गरी मास्क अनिवार्य लगाउने, सावुनपानीले अनिवार्य हातधुने, स्वास्थ्य सम्वन्धी मापदण्डको पालना गर्ने गराउने, | अधिकृत छैठो, सहायक पाँचौ | कार्यालयका सम्पुर्ण कर्मचारीहरु, सेवाग्राही | प्रक्रिया पुगेकै दिन वा समयमा, निरन्तर | आर्थिक ऐन–२०७७ बमोजिम | सेवा ग्राहिले सेवा पाएको, कार्यरत कर्मचारी हरु बिचको सम्वन्ध सुमधुर हुने, कार्यरत कर्मचारी हरु बिचको सम्वन्ध सुमधुर हुने |
| | **योजना, अनुगमन तथा विपद व्यस्थापन शाखा** | | | | | | | |
| २ | | गाउँपालिकाबाट संचालन गरिएका विकास आयोजनाहरुको आवधिक अनुगमन गरी आवश्यक सुझाव दिने, योजना विवरण तयार पार्ने, उपभोक्ता समितिलाई तालिम दिने, योजनाको सम्झौता एवम् कार्यान्वयन गराउने, योजना कार्यक्रमको वित्तिय एवम् भौतिक प्रगति तयार गर्ने, विपदको समयमा उद्दार राहत सहजिकरण र पुनर्स्थापना लगायतका कार्य गर्ने । | निश्चित उपभौत्ता समितिलाई सामुहिक दुरी कायम गरी तालिम प्रदान गर्ने, कार्यालय प्रवेश गर्ने सवैले भौतिक दुरी कायम गरी मास्क अनिवार्य लगाउने, सावुनपानीले अनिवार्य हातधुने, स्वास्थ्य सम्वन्धी मापदण्डको पालना गर्ने गराउने | योजना हेर्ने अधिकृत र सहायक पाँचौ | उपभोक्ता समिति सदस्यहरू | प्रक्रिया पुगेकै दिन वा समयमा, निरन्तर | आर्थिक ऐन–२०७७ बमोजिम | योजना कार्यक्रम निर्माण, कार्यान्वयन र अनुगमन नियमित हने, विपदको सम्बन्धी जागरण फैलिएको र राहत उद्धार एवं पुनर्स्थापना समयमै भई क्षती कम हुने । |

| क्र.सं | फाँट/शाखा | गर्नुपर्ने क्रियाकलापहरु | कोभिड–१९ का लागि | जिम्मेवार निकाय/व्यक्ति | सहयोगी निकाय/व्यक्ति | समय | लागत | सुचक/उपलव्धी |
|---|---|---|---|---|---|---|---|---|
| | **आर्थिक प्रशासन शाखा** | | | | | | | |
| ३ | | कार्यालयको आर्थिक गतिविधि रेखदेख गर्ने, विनियोजित बजेटको निश्चित खर्च, लेखाङ्कन तथा प्रतिवेदन तयार साथै लेखापरिक्षण सम्बन्धी कार्य गराउने, लेखा प्रणाली व्यवस्थीत गराउने, योजना कार्यक्रमको लागि रकम भुक्तानी गर्ने, कर्मचारी तलब भत्ता तथा आर्थिक प्रशासन र वित्तिय व्यवस्थापन सम्बन्धी कार्य, राजश्व संकलन | कार्यालय प्रवेश गर्ने सवैले भौतिक दुरी कायम गरी मास्क अनिवार्य लगाउने, सावुनपानीले अनिवार्य हातधुने, स्वास्थ्य सम्वन्धी मापदण्डको पालना गर्ने गराउने, | लेखा अधिकृत, आ.ले.प., लेखा सहायक, कम्प्युटर अपरेटर | | प्रक्रिया पुगेकै दिन वा समयमा, निरन्तर | आर्थिक ऐन–२०७७ बमोजिम | लेखा समबन्धी कार्य नियमित हुने |
| | **सामाजिक तथा आर्थिक विकास शाखा** | | | | | | | |
| ४ | | गा.पा.का विविध शाखाहरु विच समन्वय गर्ने गराउने, विनियोजित बजेटको अधिनमा रहि उद्देश्य प्राप्तीका लागि तालिम तथा कार्यक्रम गर्ने गराउने, कार्यक्रम संचालनका लागि पेश्की लिने तथा फछ्र्यौट गर्ने, | मास्क तथा स्यानीटाईजर वितरण, जनचेतनामुलक अभियान संचालन गर्ने, कार्यालय प्रवेश गर्ने सवैले भौतिक दुरी कायम गरी मास्क अनिवार्य लगाउने, सावुनपानीले अनिवार्य हातधुने, स्वास्थ्य सम्वन्धी मापदण्डको पालना गर्ने गराउने, कार्यालय परिसर, बगैचा, वाथरुम सरसफाई गर्ने। | स्वास्थ्य शाखा, कृषि, पशु, महिला तथा वालवालिका, शिक्षा शाखा प्रमुख र सहायक कर्मचारीहरू | अन्य शाखा/इकाइहरु | प्रक्रिया पुगेकै दिन वा समयमा, निरन्तर | आर्थिक ऐन–२०७७ बमोजिम | सम्बन्धीत शाखाका सम्पूर्ण काम कारवाही अगाडी बढाउने, कोरोना फैलिन रोकथाम तथा नियन्त्रण गर्न सहयोग पुग्ने |

| क्र.सं | फाँट/शाखा | गर्नुपर्ने क्रियाकलापहरु | कोभिड–१९ का लागि | जिम्मेवार निकाय/व्यक्ति | सहयोगी निकाय/व्यक्ति | समय | लागत | सुचक/उपलव्धी |
|---|---|---|---|---|---|---|---|---|
| ५ | **पूर्वाधार विकास तथा प्राविधिक शाखा** | | | | | | | |
| | ऐन, नियम तथा कार्यविधिको अधिनमा रहि भौतिक पूर्वाधार निर्माण र कार्यन्वयनको लागि लागत निर्माण, इष्टिमेट तयार, आवश्यक नक्सा, योजना अनुगमन, विल तयार तथा | | योजना अनसगमन, मूल्याङ्कन र निर्माणका बखत सामाजिक दुरी कायम गर्ने गराउने, कार्यालय प्रवेश गर्ने सवैले भौतिक दुरी कायम गरी मास्क अनिवार्य लगाउने, सावुनपानीले अनिवार्य हातधुने, स्वास्थ्य सम्वन्धी मापदण्डको पालना गर्ने गराउने, | इन्जिनियर, सव–इन्जिनियर र प्राविधिक फाँटका कर्मचारीहरु | येजना शाखा र उपभोक्ता समिति | प्रक्रिया पुगेकै दिन वा समयमा, निरन्तर | आर्थिक ऐन–२०७७ बमोजिम | पूर्वाधार विकासका कामहरु गुणस्तर र समय भित्र हुने |

| क्र.सं | फाँट/शाखा | गर्नुपर्ने क्रियाकलापहरु | कोभिड–१९ का लागि | जिम्मेवार निकाय/व्यक्ति | सहयोगी निकाय/व्यक्ति | समय | लागत | सुचक/उपलव्धी |
|---|---|---|---|---|---|---|---|---|
| ६ | **न्यायिक समिति** | | | | | | | |
| | उजुरी दर्ता गर्ने, म्याद पुर्जी जारी गर्ने, म्याद थप गर्ने, वयान गर्ने तथा कानुनले तोकेको समयसीमा भित्र मेलमिलाप र न्यायिक निरूपणको माध्यमबाट उजुरी फैसला गर्ने, उजुरी तथा गुनासो व्यवस्थापन गर्न कानुनले तोकेको अवधि भित्र दर्ता भएको उजुरी फछर्यौट गर्ने | | कार्यालय प्रवेश गर्ने सवैले भौतिक दुरी कायम गरी मास्क अनिवार्य लगाउने, सावुनपानीले अनिवार्य हातधुने, वादी र प्रतिवादीहरुलाई स्वास्थ्य सम्वन्धी मापदण्डको पालना गर्ने गराउने | उजुरी फाँट | न्यायिक समिति सदस्यहरू र न्यायिक समितिमा काम गर्ने कर्मचारी | निरन्तर | आर्थिक ऐन–२०७७ बमोजिम | समयमै उजुरी फछर्यौट भएको हुने |
| ७ | **सुचनाको हक कार्यान्वयन** | कार्यालयले सम्बन्धित सुचनाहरुको स्वत प्रकाशन (Procative Disclosure) प्रकाशन गर्ने, | कार्यालय प्रवेश गर्ने सवैले भौतिक दुरी कायम गरी मास्क अनिवार्य लगाउने, सावुनपानीले अनिवार्य हातधुने, स्वास्थ्य सम्वन्धी मापदण्डको पालना गर्ने गराउने | सुचना अधिकारी | प्रशासन शाखा | निरन्तर | आर्थिक ऐन–२०७७ बमोजिम | सुचना हक कार्यान्वयन हुने। |
| ८ | **राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण सेवा इकाइ** | व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा सम्बन्धि कार्य | | सु.प्र.अ./सेवा इकाईका कर्मचारीहरू | | निरन्तर | | MIS Online Systemमा नागरिकहरुको अभिलेख अद्यावधिक भएको हुने । |